च.नं. ८५४/०७८/०७९

कम्पनी दर्ता नं. १०३७/०६४/०६५

मिति : २०७९/०३/०३

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

भद्रकाली, काठमाण्डौं ।

**बिषय : विशेष साधारण सभा सम्बन्धमा ।**

महोदय,

यस कम्पनीको मिति २०७९/०३/०३ मा बसेको संचालक समितिको १०५ औं बैठकको निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा मिति २०७९/०३/२० गते सोमबार (तदनुसार ता. जुलाई ०४, २०२२) बिहानको ११:०० बजे अनमोल बैङ्क्वेट, (Anamol Banquet), शंखमुल, काठमाडौंमा बस्ने भएको व्यहोरा तहाँमा अवगत गराउन चाहन्छौं ।

सो सम्बन्धि सूचना मिति २०७९/०३/०५ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने र सो सम्बन्धी सूचनाको नमूना यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

धन्यबाद ।

भवदीय,

Reliance Life Insurance Ltd. 2074 B.S.

मुना पौडेल

कम्पनी सचिव

# विशेष साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७९/०३/०३ गते बसेको १०५ औं बैठकको निर्णय अनुसार कम्पनीको विशेष साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफू स्वयं वा रितपूर्वकको प्रतिनिधि वा अनलाईन माध्यम मार्फत उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०७९ साल आषाढ २० गते (तद्नुसार ०४ जुलाई, २०२२)

स्थान : अनमोल बैङ्क्वेट, शंखमुल, काठमाडौं (Meeting ID / Password ईमेल मार्फत उपलब्ध गराइनेछ ।)

सभा शुरु हुने समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**

**(क) विशेष प्रस्ताव**

१. कम्पनीको अधिकृत पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

२. कम्पनीको प्रबन्धपत्रमा पूँजी बृद्धि एवं अन्य व्यवस्थाहरु समेत समावेश गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

४. पूँजी बृद्धिको आवश्यकतालाई दृष्टिगत गरी भविष्यमा अन्य कुनै जीवन बीमा कम्पनीसँग एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतीको लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा एक आपसमा गाभ्ने/गाभिनेसँग सम्बन्धित प्रचलित नियम कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।

**(ख) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. साधारण सभामा भाग लिने प्रयोजनार्थ कम्पनीको शेयर दाखिल खारेजका लागि मिति २०७९/०३/१० गते कम्पनीको शेयरधनी दर्ता पुस्तिका (एक दिन) बन्द गरिनेछ । उक्त मिति अगावै नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम भएका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन योग्य हुन सक्नेछन् ।

२. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि हितग्राही नं. खुल्ने आधिकारीक विवरण वा प्रकाशित प्रवेशपत्र वा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ । कुनै शेयरधनी स्वयं सभामा उपस्थित हुन नसकेमा कम्तीमा ४८ घण्टा अगाडी यस कम्पनीको रजिष्टर्ड कार्यालय नयाँ बानेश्वर काठमाडौंमा प्रोक्सी फारम भरी निवेदन दर्ता गरी सक्नु पर्नेछ । प्रोक्सी फारम यस कम्पनीको वेभसाइटबाट Down load गर्न सकिनेछ ।

४. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि ११:०० बजेसम्म खुल्ला रहनेछ । साथै कम्पनीको शेयरधनी महानुभावहरुले यस सभामा अनलाइन माध्यम मार्फत सहभागिता जनाउन सक्नुहुनेछ । अनलाइन माध्यम मार्फत उपस्थित हुने शेयरधनीहरुको हाजिरी बिहान ९:०० बजेबाट ११.०० बजेसम्म भर्चुअल माध्यम मार्फत खुल्ला गरिनेछ र ११ बजे पश्चात् आफुलाई कम्पनीले उपलब्ध गराएको ID/Passcode को माध्ययमबाट Zoom Login गरी आफ्नो परिचयपत्र सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ । शेयरधनीको उपस्थितिबाट प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पुरा भए पश्चात् सभाको कारवाही अगाडि बढाइने छ ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरुले प्रतिनिधि फेरबदल गर्न चाहेमा मिति २०७९/०३/१७ गते अपरान्ह ५:०० बजे भित्र सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराइसक्नु पर्नेछ ।

७. संचालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सूचना प्रकाशन गरे बमोजिम हुनेछ । उक्त निर्वाचन सम्बन्धी सूचना तथा कार्यक्रम कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंको सूचना पाटिमा टाँस गरिनेछ ।

८. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

९. छलफलका विषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिब मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय अध्यक्षज्यूको अनुमतिले सभामा छलफलका लागि ल्याईए पनि प्रस्ताव वा निर्णयको रुपमा कार्यान्वयन गरिने छैन ।

१०. कुनै एक शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधी नियुक्ती गरी पठाएकोमा कम्पनीमा जसको नियुक्ती सबैभन्दा अघिल्लो मितिमा प्राप्त हुन्छ, निजलाई मात्र प्रतिनिधीको हैसियतले सभामा भाग लिने अधिकार हुनेछ ।

११. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि शेयरधनीहरुले प्रतिनिधी फेरबदल गर्न चाहेमा कम्तीमा २४ घण्टा अगावै सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराइसक्नु पर्नेछ ।

१२. साधारण सभा सम्बन्धी थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क राख्न हुनको लागि अनुरोध गरिन्छ ।

RELIANCE LIFE INSURANCE
खुलेर जिऔं
**रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड**
नयाँ बानेश्वर, काठमाडौं, फोन नं. : ०१४७८७२२४, ४७८७२२५
contact.center@relifeinsurance.com, www.relifeinsurance.com